# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः २१ मितिः २ वैशाख, २०८१ साल

# भाग-२

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि, २०८०

**प्रस्तावनाः** नेपालको संविधानको धारा ३९ (९) मा असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द पिडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट बिशेष संरक्षण र सुविधा पाउने संवैधानिक हकको व्यवस्था गरेको छ। बालबालिका सम्बन्धी ऐन २०७५ मा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गरी उनीहरुको सर्वोत्तम हित कायम गर्ने व्यवस्था रहेको छ र बालबालिका सम्बन्धी राष्ट्रीय नीति २०६९ मा बालबालिका संरक्षणको सबैभन्दा उत्तम उपाय बालबालिका परिवारमा नै रहने वातावरण सिर्जना गर्नु, बालबालिकाको पालन पोषण तथा हेरचाह गर्ने, शिक्षादीक्षा दिन नसक्ने विपन्न परिवारलाई आर्थिक र अन्य भौतिक सहयोग गर्ने मापदण्ड र संयन्त्र तयारी गरी कार्यान्वयन गरिने छ भन्ने नीति रहेको छ।

विशेष संरक्षणको आवश्यकता भएका जोखिममा परेका र विपन्न परिवारका बालबालिकाको पालन, पोषण, हेरचाह, शिक्षादीक्षा, उपचार तथा संरक्षण विद्यमान कानून नीति-योजना /कार्यक्रम अनुसार आर्थिक राहत सहयोग कार्यविधि तोकी त्यस्ता बालबालिकालाई आर्थिक राहत सहयोग उपलब्ध गराउन बाञ्छनीय भएकाले,

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ८६ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "बालबालिका" भन्नाले अठार बर्ष उमेर पूरा नगरेको (१७ बर्ष ११ महिना २९ दिनसम्मका) व्यक्तिलाई सम्झनु पर्दछ।

(ख) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिम अनाथ प्रमाणित गरिएका र पालन पोषण तथा संरक्षणका लागि कुनै संरक्षक व्यक्ति वा परिवार जिम्मा नरहेका वा जिम्मा रहेको भए तापनि आर्थिक दृष्टिकोणले विपन्न परिवार व्यक्ति वा संरक्षकसँग रहेका बालबालिका सम्झनु पर्छ।

(ग) "असहाय बालबालिका" भन्नाले बालबालिकाको पालन, पोषण, शिक्षादिक्षा, उपचार तथा संरक्षणको लागि सहयोग तथा सहायता गर्ने एकाघरका उमेर पुगेका कोही व्यक्ति नभएका बालबालिका सम्झनु पर्छ।

(घ) "अशक्त बालबालिका" भन्नाले गम्भिर शारीरिक वा मानसिक समस्या भएका तथा अपाङ्गता भई प्रचलित कानून बमोजिम क वा ख वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेका बालबालिका सम्झनु पर्छ।

(ङ) "बिशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा को उपदफा १ को खण्ड क, ग, ट, ज, झ, ट, ठ मा उल्लेखित बालबालिका सम्झनु पर्छ।

(च) "जोखिममा परेका बालबालिका" भन्नाले हराएका, अपहरणमा परेका, बेच बिखन तथा ओसारपसारमा परेका, हिंसामा परेका, यौन दुर्व्यबहार र शोषणमा परेका, सडकमा जीवन जिउन बाध्य भएका, जोखिमपूर्ण व्यवसाय वा कामबाट उद्दार गरी राहत सहयोगको आवश्यकता भएका बालबालिका सम्झनु पर्छ।

(छ) "विपन्न परिवारका बालबालिका" भन्नाले प्रचलित कानून वा नेपाल सरकारको नीति बमोजिम विपन्न परिवार मानिएको परिवारका बालबालिका सम्झनु पर्छ र सो शव्दले स्थानीय तहको सम्बन्धित वडा समितिले विपन्न परिवार हो भनी प्रमाणित तथा सिफारिस गरेका परिवारका बालबालिकालाई सम्झनु पर्छ।

(ज) "गम्भिर प्रकृतिको रोग वा घातक रोग" भन्नाले नेपाल सरकारले घातक रोग भनी घोषणा गरेका क्यान्सर, मुटु, मृगौला, हेड ईन्ज्युरी, ईस्पाईनल ईन्जुरी, सिकलसेल एनिमिया, पार्किन्सोनिज्म, अल्जाईमर

तथा मष्तिष्कघात, पक्षघात, फोक्सो, कलेजो, अप्लस्टिक इनिमिया, थालिसिमिया रोग जस्ता घातक एवम् उपचारका दृष्टिकोणले महंगो हुने रोगहरु सम्झनु पर्छ।

(झ) "सम्बन्धित वडा समिति" भन्नाले बालबालिका वा बालबालिकाको बुवाआमाको स्थायी बसोबास भएको स्थानीय तहको वडा समिति सम्झनु पर्छ र सो शब्दले बुबा तथा आमा छुटिएर अलग बसेका भए जो संग बालबालिका बस्छन निजको स्थायी वसोवास रहेको वडा समितिलाई समेत जनाउँछ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य, आधारभूत सिद्धान्त र लक्षित बालबालिका

**३. उद्देश्यः** विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा परेका र विपन्न परिवारका बालबालिकाको संरक्षण गर्नु, परिवारिक वातावरणमा हुर्काउन सहयोग पुर्याउनु तथा आपतकालिन आर्थिक राहत सहयोग गर्नु।

**४. आधारभुत सिद्धान्तः**

(क) बाल अधिकारको सम्मान

(ख) बाल संरक्षण

(ग) बालबालिकाको सर्वोत्तम हित

(घ) भेदभाव रहितता

**५. लक्षित बालबालिकाः**

(क) विशेष संरक्षणको आवश्यकता भएका,

(ख) जोखिममा परेका,

(ग) आर्थिक दृष्टिकोणले विपन्न परिवारका,

(घ) प्राकृतिक तथा मानविय कारणबाट पीडित तथा प्रभावित,

(ङ) दुर्घटना तथा चोटपटकबाट गम्भिर रुपमा घाईते भएका,

(च) गम्भिर प्रकृतिको रोग भएका तथा दिर्घरोगी भएका,

(छ) अशक्त।

## परिच्छेद-३

## आर्थिक राहत सहयोगको व्यवस्था उपलब्ध गराउने आधार, सीमा र सिफारिस

**६. आर्थिक राहत सहयोगको व्यवस्थापनः** प्रत्येक आर्थिक बर्ष विनियोजित स्वीकृत बार्षिक कार्यक्रम तथा अन्य स्रोतबाट प्राप्त रकमबाट आर्थिक राहत सहयोग रकमको व्यवस्थापन गरिनेछ।

**७. आर्थिक राहत सहयोग उपलव्ध गराउने आधारहरु र सीमाः** यस कार्यविधि बमोजिम लक्षित बालबालिकालाई सामान्यतया एक बर्षमा एक पटक देहाय बमोजिमको आर्थिक राहत सहयोग मध्ये कुनै एक आर्थिक राहत सहयोग देहायको आधार र सीमा बमोजिम उपलब्ध गराईने छः-

(क) गम्भीर प्रकृतिको रोग वा घातक रोग, दुर्घटना तथा चोटपटकबाट गम्भिर रुपमा घाईते भएका, गम्भिर शारिरीक वा मानसिक समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बुबाआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाई भएका बालबालिकाको उपचार सहयोग पच्चीस हजार रुपैयासम्म।

(ख) अनाथ/असहाय/अशक्त बालबालिका वा बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएको बालबालिकाको पालन पोषण हेरचाह शिक्षादिक्षा तथा संरक्षण सहयोग दश हजार रुपैयासम्म।

(ग) जोखिममा परेका वा प्राकृतिक तथा मानाविय कारणले सिर्जित आपत्कालिन बाल संरक्षण सहयोग पन्ध्र हजार रुपैयाँसम्म।

(घ) विपन्न परिवारका बालबालिकाका लागि लत्ता कपडा, विद्यालय पोशाक, झोला तथा शैक्षिक सामाग्री वा सामान्य उपचार सहयोग दश हजार रुपैयाँसम्म।

(ङ) घर परिवार पुनर्मिलन तथा पुनर्स्थापना खर्च पाँच हजार रुपैयाँसम्म।

**८. सिफारिसपत्र आवश्यक हुनेः** सम्बन्धित स्थानीय तहको वडा समिति, सरकारी अस्पताल वा सामुदायीक विद्यालयको सिफारिस पत्र आवश्यक हुनेछः-

(क) गम्भिर प्रकृतिको रोग वा घातक रोग तथा चोटपटक उपचारको लागि सम्बन्धित स्थानीय तहको वडा समितिको निर्णयले त्यस्तो बालबालिका अनाथ वा असहाय वा अशक्त वा विपन्न भएको र सम्बन्धित सरकारी अस्पतालमा उपचार भईरहेको वा भएको भर्ना पर्चा तथा उपचार चेक जाँचको प्रेस्क्रिप्सन वा त्येस्तो अस्पतालको सिफारिस पत्र।

(ख) अनाथ वा असहाय वा अशक्त वा हेरचाह नपाएका बालबालिकाको पालन पोषण हेरचाह संरक्षणको लागि सम्बन्धित स्थानीय तहको वडा समितिको निर्णयले अनाथ वा असहाय वा अशक्त वा विपन्न परिवार भएको र सामुदायीक विद्यालयमा अध्ययनरत रहेको विद्यालयको सिफारिस पत्र तथा उपचारको हकमा स्वास्थ्य संस्थाबाट उपचार भइरहेको वा भएको भर्ना पर्चा वा उपचार चेकजाँचको प्रेस्क्रिप्सन वा त्येस्तो संस्थाको सिफारिस-पत्र।

(ग) जोखिममा परेको वा प्राकृतिक वा मानवीय कारणले सिर्जित आपतकालिन बाल संरक्षण सहयोगको लागि सम्बन्धित स्थानीय तहको वडा समितिको निर्णयले त्यस्तो घटना घट्न गएको र परिवार आर्थिक रुपमा विपन्न भएकोले सहयोगको आवश्यकता भएको सिफारिस-पत्र।

(घ) घर परिवार पुनर्मिलन तथा पुनर्स्थापनाको लागि त्यस्तो अवस्था वा आवश्यकता खुलाउनो आधार भएको कागजात निवेदन वा कुनै निकाय वा संस्थाको सिफारिस पत्र।

**९. सिफारिस समितिः** देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) नगरपालिका सामाजिक विकास समिति संयोजक - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(घ) शिक्षा शाखा प्रमुख - सदस्य

(ङ) नगरपालिका सामाजिक विकास समितिको सदस्यहरु - सदस्य

(च) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

**१०. आर्थिक राहत सहयोग उपलव्ध गराउन नसकिने:** यस कार्यविधि बमोजिमको आर्थिक सहयोग बाल गृहमा रहेका बालबालिकाको लागि त्यस्ता बाल गृहलाई उपलब्ध गराउन सकिने छैन।

तर, कुनै गम्भीर प्रकृतिको रोग वा आकस्मिक चोटपटक लाग्न गएमा बाल गृहको तात्कालीन अवस्थाले उपचार गर्न नसक्ने भई सहयोगका लागि अनुरोध गरेमा आवश्यक जाँचबुझ गरी त्यस्तो बालबालिकाको सरकारी अस्पतालमा भएको उपचार खर्चको प्राप्त बील भर्पाई अनुसार तोकिएको मापदण्ड सीमाभित्र रही उपलब्ध गराउन बाधा परेको मानिने छैन।

## परिच्छेद-४
## विविध

**११. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ। यस कार्यविधिमा व्यवस्था भएका कुराहरू, प्रचलित ऐन, कानूनहरूसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

**१२. संशोधन:** यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ।

**१३. बाधा अड्काउ फुकाउन सक्ने:** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**प्रमाणीकरण मितिः २०८०।१२।३०**

**आज्ञाले,**

**नारायण प्रसाद खवास**

**नि. प्रमुख प्रशासकीय अधिकृत**